NIC ASIA
एन आई सी एशिया बैंक लि.

च.नं.:NICASIA/CS/081-82/119
मिति: २०८१/१०/२८

**श्री नेपाल स्टक एक्सचेन्ज लि.**
**सिंहदरवारप्लाजा, काठमाडौं ।**

विषय: **जानकारी गराएको बारे ।**

**महाशय,**

उपर्युक्त विषयमा मिति २०८१/१०/२८ गते साँझ ४:०० बजे बसेको यस बैंकको सञ्चालक समितिको ७००औं बैठकको निर्णयानुसार बैंकको सत्ताईसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको र **उक्त वार्षिक साधारण सभामा अन्य प्रस्तावहरुको अतिरिक्त रु. ५ अर्बको एन आई सी एशिया अविमोच्य असञ्चिति अग्राधिकार शेयर (NIC ASIA Perpetual Non-Cumulative Preference Share) जारी गर्ने प्रस्ताव समेत विशेष प्रस्तावको रुपमा छलफल तथा स्वीकृतिको लागि पेश गरिएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।** साथै, साधारण सभा प्रयोजनका लागि मिति २०८१/११/०८ गते देखि मिति २०८१/११/२२ गतेसम्म शेयर दाखिल खारेज दर्ता बन्द हुने व्यहोरा समेत जानकारीको लागि सादर अनुरोध छ ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०८१ फाल्गुण २२ गते, बिहीबार (तदनुसार ६ मार्च २०२५) ।
समय : बिहान ९:०० बजे ।
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची :**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. यस बैंक तथा बैंकको सहायक कम्पनी एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. तथा एन आई सी एशिया क्यापिटल लि. को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री पि.के.एफ. टि. आर. उपाध्या एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स् पुनः नियुक्त हुन योग्य रहेको ।

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU



3059129

**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

The Banker Bank of the Year 2013 NEPAL
The Banker Bank of the Year 2007 NEPAL
ISO 9001 Certified Bank

NIC ASIA
एन आई सी एशिया बैंक लि.

(ख) विशेष प्रस्ताव

१. प्रचलित कानुन एवं नियमनकारी व्यवस्थाहरुको अधिनमा रही सम्बन्धित निकायहरुको आवश्यक स्वीकृति प्राप्त गरी सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु १००/- का दरले रु. ५ अर्बको एन आई सी एशिया अविमोच्य असञ्चिति अग्राधिकार शेयर (NIC ASIA Perpetual Non-Cumulative Preference Share) जारी गर्ने ।

२. बैंकको साविक अधिकृत पूँजी रु. १४,९२,००,००,०००/- (अक्षरेपी चौध अर्ब बयानब्बे करोड रुपैयाँ) लाई वृद्धि गरी रु. १९,९२,००,००,०००/- (अक्षरेपी उन्नाईस अर्ब बयानब्बे करोड रुपैयाँ) बनाउन, साविक तत्काल जारी पूँजी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) लाई वृद्धि गरी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) बनाउन र साविक तत्काल चुक्ता पूँजी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) लाई वृद्धि गरी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) बनाउन स्वीकृति प्रदान गर्ने ।

३. बैंकको प्रवन्धपत्रमा/नियमावलीमा समसामयिक संशोधन/थप गर्ने ।

४. प्रबन्धपत्र/नियमावली संशोधन स्वीकृतिको क्रममा सम्बन्धित निकायहरुबाट कुनै फेरबदल, संशोधन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

५. एन आई सी एशिया अविमोच्य असञ्चिति अग्राधिकार शेयर (NIC ASIA Perpetual Non-Cumulative Preference Share) जारी गर्न सम्बन्धित निकायहरुको आवश्यक स्वीकृति प्राप्त गर्ने क्रममा कुनै फेरबदल, संशोधन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

(ग) विविध ।

धन्यवाद ।

भवदीय,

NIC ASIA BANK LTD.
REGISTERED OFFICE
KATHMANDU

दिपेन कार्की
कम्पनी सचिव



Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

The Banker Bank of the Year 2013 NEPAL
The Banker Bank of the Year 2007 NEPAL
ISO 9001 Certified Bank

3059130